श्री गाउँसभाका अध्यक्षज्यू

गाउँसभाका सँपूर्ण सदस्यज्यूहरु ।

सँघीय लोकतान्त्रिक शासन व्यवस्था अन्तरगत तीन तहको समानान्तर सरकारको रुपमा रहेको ठाटीकाँध गाउँपालिकाको निर्वाचित यो स्थानीय सरकार कार्यपालिकाले स्वीकृत गरि यस गरिमामय गाउँसभामा पेश गरेको आव ०७६।७७ को वजेट वक्तव्य प्रस्तुत गर्न पाउदा म हृदयदेखि खुशि व्यक्त गर्दछु । यस अबसरमा नेपालमा सँघीय शासन व्यवस्था ल्याउन विभिन्न कालमा र जन आन्दोलनको क्रममा अमूल्य ज्यानको वलिदान गर्नु हुने ज्ञात अज्ञात शहिद प्रति म हर्दिक श्रदान्जलि अर्पण गर्दछु ।

सभा अध्यक्षज्यू तथा सभाका सँपूर्ण सदस्यज्यूहरु

सर्व प्रथम म यस गरिमामय गाउँसभामा आर्थिक वर्ष ०७६।७७ मा यस गाउँपालिकामा भएका विकास प्रगतिको समिक्षा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

## भौतिक पूर्वाधार तर्फ

<u>सडक तर्फको कार्य</u>

- रामागाड ठाटीकाँध सडकको ३५०० मिटर यसै वर्ष ग्राभेल गर्ने कार्य असार मसान्तसम्म सम्मन्न हुनेछ ।
- ठाटीकाँध विजारे धनकोट सडकको ४००० मिटर भाग चौडागरि बाँकी २८०० मिटर नयाँ कटिङ्गको कार्य सम्पन्न भएको ।
- स्थानीय पूर्वाधार क्षेत्र विकास साझेदारी कार्यक्रमको ठाटीकाँध स्याउले २ खण्डको ३५०० मिटर नयाँ कटिङ्गको काम पुरा भई गाउँपालिका र वार्ड नम्बर ५को वडा सँग सडक सँजाल जोडिएको ।
- ठाटीकाँध देखि वागवन योजना वार्ड नम्बर २ को २ खण्डकोगरि ३५०० मिटर सडक नयाँ निर्माण काम यसै वर्ष सम्मन्न हुने ।
- पुल बजार मटेला सडक खण्डको ४८२० मिटर फराकिलोगरि स्तरोन्नी गर्ने काम सम्पन्न भएको र सोही खण्डको ८०० मिटर सडक नयाँ निर्माण गरिएको ।
- मटेला बाहकोट सडक खण्डको ढीप्काको मोडको कडा चट्टानी भागको २०० मिटर स्तरोन्नी गर्ने काम यसै वर्ष सम्पन्न भएको ।
- बाहाकोट देखि गैर गाउँसम्मको सडक खण्डको २८००मिटर काम पुरा भई वार्ड नम्बर ४ लाई गाउँपालिकासँगको सडक सँजालमा जोडिएको ।
- मटेला देखि गैर गाउँ सडक वार्ड नम्बर २ को खण्डको २८५० मिटर काम अन्तिम चरणमा पुगेको ।
- ठाटीकाँध देखि जिउनी सम्मको ग्रामिण सडक खण्डको ४८०० मिटर काम अन्तिम चरणमा पुगेको ।

- बाहाकोट खुडखुडी माझखर्क जोडने २८०० मिटर  गाउँपालिकाद्धारा सँचालित सडक योजना पुरा भएको तथा बाँकी सडक डिभिजनको काम चालु रहेको ।
- प्रदेश र गाउँपालिकाको साझेदारीमा माझागैरगाउँ र मटेला जोडने६००० मिटर नयाँ  सडक ठेकेदारबाट निर्माण भई रहेको ।
- वार्ड नम्बर ५ मा गोरेटो बाटो १ र वार्ड नम्बर ३ मा १ गरि ७०० मिटर सम्पन्न भएको ।
- यस चालु आब ०७५।७६ मा पक्कि कुलो ३०००मिटर र पाईप सिचाई १२६०० मिटर सम्मन्न भई करिव २५०हेक्टर सिचाई  सुविधा भएकोछ ।
- यस चालु आब मा सडक तर्फ ३१ किलोमिटर नयाँ र २२ किलोमिटर पुरोनो स्तरोन्नी र ३दशमलब ५ किलोमिटर खानी ग्राभल सम्मन्न हुदैछ ।

<u>भवन तर्फको काम</u>

- यस गाउँपालिकाको वार्ड नम्बर ३ मा रहेको स्वास्थ्य चौकी भवन निर्माणाधिन अबस्थामा रहेको ।
- वार्ड नम्बर ३ को जनता अधारभूत विधालयको भवन यसै वर्षदखि निर्माणाधिन रहेको ।
- वार्ड नम्वर ३ को भवानी माध्यमिक विधालयको२ कोठे भवन  सम्पन्न भएको ।
- वार्ड नम्बर ४ को ८ कोठे भवन मध्ये  ४ कोठा प्रदेशको योजनामा  र ४ कोठा गाउँपालिकाको योजनामा भवन निर्माणाधिन रहेको ।
- ठाटीकाँध अस्पतालको निर्माणाधिन ३ वटा भवन  छानाको डिजाईन परिवर्तनगरि छत ढलान गर्नु पर्ने भएकोले उक्त काम रद्धगरि पुन आब ०७६।७७ को वजेटमा  अपुरो काम पुरा गरिने ।
- मालिका मावि पाचलाको २ कोठे निर्माण कार्य यसै वर्ष  सम्पन्न हुने ।
- वार्ड नम्बर ६ को धौलापडा प्रा वि छडाथान को २ कोठे टस वाला भवन यसै साल सम्मन्न हुने ।
- वार्ड नम्बर ३ को जन प्रा वि भुडाखाडा को २ कोठे टस वाला भवन यसै साल सम्मन्न हुने ।
- जिल्ला शिक्षा सम्वन्वय दैलेखको योजना अनुसार मालिका मावि ठिमुरेको ४ कोठे भवन यसै वर्ष सम्पन हुने ।

खानेपानी तथा सरसफाई तर्फ

- यस नगरपालिकाको रु ११८००००  RVWRMP को रु ६०००० को लागतमा ठाटीकाँध खानेपानी योजन सम्मन्न भई २६७ व्यक्तिगत धारा वितरण गरिएको छ ।
- देहायका ग्रामिण खानेपानी योजनहरु सम्पन्न भएका छन ।
    - वर्ड नम्बर १ मा — २ वटा ।
    - वार्ड नम्बर २ मा — १ वटा ।
    - वार्ड नम्बर ३ मा — ४ वटा ।
    - वार्ड नम्बर ४ मा — ५ वटा ।
    - वार्ड नम्बर ५ मा — ४ वटा ।

- वार्ड नम्बर ६ मा २ वटा ।

सामाजिक विकास

- महिला तथा वालवालिका तर्फ निम्न कार्यक्रम सम्पन्न गरिएको छन ।
    - बाल क्लब गठन र बाल अधिकार सम्बन्धि अभिमुखिकरण कार्यक्रम
    - न्यायीक समितिका पदाधिकारीहरुलाई क्षमता अभिबृद्धिकालागि अभिमुखीकरण ।
    - वाल बालिकाहरुमाथि हुने शारीरिक मानसिक दुरव्यवहार विरुद्ध अभिमुखीकरण ।
    - जेष्ठ नागरीक र सरोकारवालावीच अन्तरकृया ।
    - अपाङ्गता भएका व्यक्तिहरुकालागि अभिमुखीकरण ।
    - समुह गठन र परिचालन ।
    - समुह सदस्यकालागि अनुशिक्षण ।
    - नेतृत्व तथा सँस्थागत विकास तालिम ।

- स्वास्थ्य तथा जनसँख्या सम्बन्धि निम्न कार्यक्रम सम्पन्न गरिएका छन ।
  कार्यक्रम तर्फ
    - महामारी जन्य सर्ने र नसर्ने रोगको वारेमा जन चेतना तथा अभिमुखिकरण ।
    - भिटामिन ए खुवाउने ।
    - एचएमआइएस तालिम ।
    - आरआरटि तथा सिआरआरटि गोष्टि ३ वटा ।
    - आपत्कालिन सेवा २ पटक ।
    - परिवार नियोजन कार्यक्रम ।
    - प्रसुति सेवा ।
    - गाउघर क्लिनिक सेवा १२ वटा ।
    - महिला स्वास्थ्य स्वयसेविका समिक्षा गोष्ठि २ पटक ।
    - परिवार नियोजन सेटालाईट सेवा ७ वटा ।
    - पूर्ण खोप गाउँपालिका भेरिफिकेसन अनुगमन १ पटक ।
    - स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेकाकोलागि माईक्रोष्कोपी क्याम्प सँचालन १ पटक ।
    - डट्स सेण्टर अनुगमन तथा मूल्याँकन २ ठाउँ १ पटक ।
    - क्षेय रोगको चौमासिक समिक्षा २ पटक ।
    - खोप लगाउन छुटेका बच्चाको खोजि सम्बन्धी महिला स्वास्थ्य स्वयँ सेविकाको गोष्ठि १ पटक ।
    - पिएमटिसिटी तालिम १ पटक ।
    - टिभि एचआईभि Co-infection तालिम १ पटक ।
    - एकिकृत पोषण सम्बन्ध अन्तर वैयकिक सँचार तालिम ३ ठाउँमा १ ।१ पटक ।

- खोप समन्वय समितिको १ दिने गोष्ठी ।
- खोप ऐन नियमावली वारे जानकारी १ पटक ।

  निर्माण तर्फ

- ➢ वार्ड नम्बर ३ विशाला स्वास्थ्य चौकी भवन निर्माण क्रमागत ।
- ➢ वार्ड नम्बर ६ अङ्गाल डाँडा प्रसुति गृह तथा वर्थिङ्ग सेण्टर भवन निर्माण ।
- ➢ शिक्षा तथा खेलकुद विकास तर्फ
  - शौचालय निर्माण स शर्तको वार्ड नम्बर १ कृष्ण मावि लकान्दमा १ वटा र जन प्रावि भुवाखाडा १ वटा गरि २ वटा ।
  - शौचालय निर्माण वार्ड नम्बर २ दशरथ आवि को १ वटा
  - शौचालय निर्माण गाउँपालिकाको योजना वार्ड नम्बर६ शिवआवि देउले सिम १ वटा ।
  - विधालयको फर्निचर निर्माणमा
    - ❖ वार्ड नम्वर २ को दशरथ आविमा डेक्स ४० वटा अन्य फर्निचर ४० वटा र ल्यापटप १ सोलार १ ।
    - ❖ वार्ड नम्बर ४ देउती माविमा डेक्स ३० वटा र अन्य २६ वटा ।
    - ❖ मालिका मावि ठिउरे वार्ड नम्बर ५ मा ड्क्स ६०वटा अन्य २७ थान ।
    - ❖ सत्यदेवि आवि वार्ड नम्बर ५ डेक्स ३० र अन्य १५ वटा ।
    - ❖ सरस्वती आवि वार्ड नम्बर ५ डेक्स १६ वटा र अन्य २७ वटा ।
    - ❖ वार्ड नम्बर ६ वाल कल्याण आविको डेक्स बेन्च सानो ठुलो ४८ बटा अन्य ३६ वटा ।
    - ❖ वार्ड नम्बर ६ शिव आवि देउले सिम डेक्स वेन्च १५ वटा र अन्य १५ वटा ।
- ➢ विधालय फिल्ड निर्माण
  - ❖ मङ्गल प्रावि वार्ड नम्बर ४ मा १ वटा ।
  - ❖ मालिका मावि ठिमिरे वार्ड नम्बर ५ १ वटा ।
- ➢ वार्ड नम्बर १ २ र ५ मा विधालय छाना मर्मत ३ वटा
- ➢ वार्ड नम्बर १ मटेलामा मसान घाट निर्माण सम्मन्न ।

बहु क्षेत्रीय पोषण योजना अन्तरगत

- ➢ सुनौलो हजार दिनका आमाहरुलाई अभिमुखीकरण ६ वटै वडाहरुमा ।
- ➢ सुनौलो हजार दिनका आमाहरुलाई समुह गठन र कोष व्यवस्थापन ६ वटै वडाहरुमा ।
- ➢ पोषण होर्डिङ्ग वोर्ड १ वटा राखिएको ।

आर्थिक विकास

- ➢ यसै वर्ष फलफुलका विरुवाहरु देहाय बँमोजिम वितरणगरि सम्पन्न गरिने भएको ।
  - ओखरका विरुवा ९५०० हजार ।

- आपका विरुवा ५००० वटा
- अलैची ८०००० वटा
- अम्वा १६६७वटा
- अनार ४२८५ वटा
- कागती १४०००वटा
- सुन्तला ५१०० वटा
- आलु ९५क्वीण्टल ।
- तरकारी विउ ४लाख ।
- वाली सँरक्षण कार्यक्रम विषादी खरिद रु २०हजार ।
- वडा स्तरिय तरकारी खेती तालिम रु ३०हजार ।
- बहु क्षेत्रीय पोषण तर्फ १०००दिनको आमाहरुलाई रु १लाख तरकारी विउ वितरण उधम विकास सहयोग करेसावारी व्यवस्थापन तालम ।

➢ ५० प्रतिशत वोयर जातको ८४ वटा बाख्रा वितरण कार्य यसै वर्ष सम्पन्न गरिने ।

➢ प्रदेशको अनुदान सहयोग र कृषकको लागत सहभागितामा सनातन कृषि सहकारी वार्ड नम्बर २ मार्फत ६ वटै वडाका ७५ जना कृषकलाई बाख्रको खोर निर्माणगरि ३७५ वटा बाख्रा वितरण गरिएको ।

➢ यस वर्ष पशु खोप वाख्रा र गाई भैसी लाई भ्याक्सिन दिईएको छ ।

➢ वार्ड नम्बर २ पलाष्ठिक पोली हाउस निर्माण ।

➢ सिचाई कुलो तथा पोखरी निर्माण निम्न वार्ड नम्बर हरुमा सम्पन्न भएका छन ।

❖ वार्ड नम्बर १ मा सिचाई पोखरी १ वटा ।
❖ वार्ड नम्बर १ मा सिचाई कुलो ५ वटा ।
❖ वार्ड नम्बर २ मा सिचाई कुलो १ वटा ।
❖ वार्ड नम्बर २ मा पाईप सिचाई ५ वटा ।
❖ वार्ड नम्बर २ मा सिचाई पोखरी १ पोखरी
❖ वार्ड नम्बर ३ मा सिचाई पोखरी १ वटा ।
❖ वार्ड नम्वर ३ मा पाईप सिचाई ५ वटा
❖ वार्ड नम्बर ४ मा सिचाई पोखरी १ वटा सिचाई कुलो १ वटा ।
❖ वार्ड नम्बर ५ मा सिचाई पोखरी १ वटा ।
❖ वार्ड नम्बर ५ मा सिचाई कुलो ४ वटा र पाईप सिचाई १ वटा ।
❖ वार्ड नम्बर ६ मा सिचाई पोखरी २ वटा ।

➢ वार्ड नम्वर ४ मालझुल मट्टुवडा जल सिचाई योजना सम्पन्न ।

पर्यटन विकास तर्फ

- वार्ड नम्बर १ मा २ वटा, वार्ड नम्बर २ मा १ वटा, वार्ड नम्वर ३ मा २ वटा , वार्ड नम्बर ४ मा १ वटा ,वार्ड नम्बर ६ मा १ वटा गरि ७ मन्दिरहरु यसै वर्ष निर्माण सम्पन्न र वार्ड नम्बर ६ मा यसै वर्ष धर्मशाला निर्माणाधिन रहेको ।
- कुखुरा दाना उधोग वार्ड नम्बर २ शेरीपाटा भवन निर्माण ।

सार्वजनिक प्रशासन

- गाउँपालिकाको कार्यालय तथा मातहत विषयगत शाखा तथा ईकाइ हरुमा दरवन्दि अनुसारको शाखा प्रमुख तथा सहायक कर्मचारीको पदपूर्ति नभएको र कर्मचारी समायोजनले गर्दा गाउँपालिकाको सेवा प्रवाहमा देहाय अनुसार प्रतिकुल असर परेको व्यहोरा यस गरिमामय गाउँसभालाई अनुरोध गर्दछु ।
    - कृषि, पशुपँन्छि, स्वास्थ्य, शिक्षा, महिला तथा वालवालिका, बहुक्षेत्रीय पोषण, उधोग, वन वातावरण, खानेपानी तथा सरसफाईका कार्यक्रमहरु समयमा हुन सकेनन ।
    - समायोजनका कारण प्रमुख प्रशासकीय अधिकृत र लेखापालको फरेबदलको कारण योजना सँझौता र फरफारक समयमा हुन सकेनन ।
    - वडा कार्यालयहरुको दरवन्दी अनुसार वडा सचिब र प्रविधिक कर्मचारीहरुको पदपूर्ति नहुदा काम सँचालनमा ढीलाई हुन गएको ।
    - गाउँपालिका र वडा नम्बर ३ र ४ बाहेक अन्य ४ वटा वडाहरुको आफ्नो भवन नहूँदा भाडामा लिई कार्यालय सँचालन गर्नु परेको ।
- ठाटीकाँध गाउँपालिकाको आयोजनामा जिल्ला प्रशासन कार्यालय दैलेखको सहयोगमा यस गाउँपालकाका ६ बटै वडाका १६ वर्ष पुगेका नगरिकहरुलाई नागरिकता तथा मतदाता परिचयपत्र वितरणकोलागि मिति २०७६।०२।३१देखि ३ दिने शिविर आयोजना गरि नागरिकता र मतदाता परिचय पत्र वितरण गरियो जसमा मतदाता परिचय पत्र तर्फ महिला ३७३ र पुरुष ३९७ गरि कुल ७७० मतदाता परिचय पत्र र नागरिकता तर्फ ७५३ वितरण गरियो ।
- ठाटीकाँध गाउँपालिकाको कर्मचारी कार्यरत दरवन्दीको अबस्था
    - प्रमुख प्रशासकीय अधिकृत १
    - आईटि अधिकृत LGCDP करारमा १
    - रोजगार सँयोजक १
    - सब ईन्जिनीयर करारमा २
    - लेखापाल १
    - अशिष्टेण्ट सव ईन्जिनीयर करारमा ३

- खरिदार ३
- सहायक कम्प्यूटर अप्रेटर करार १
- कार्यालय सहयोगी करार ३
- सवारी चालक करार १

➢ वडा कार्यालयहरुको कार्यरत दरवन्दीको अबश्था

- वडा सचिब ४ जना
- कार्यालय सहयोगी १जना

➢ विषयगत शाखा तथा ईकाइहरुको कार्यरत दरवन्दिको अबश्था

- शिक्षा शाखा प्रा स १ जना
- कृषि शाखा नाप्रा स ३ जना
- पशुपन्छि शाखा नाप्रास २ जना कार्यालय सहयोगी १ एक जना
- महिला तथा वालवालिका शाखा सहायक महिला विकास निरिक्षक १ जना
- खानेपानी तथा सरसफाई खापासट २ जना
- ठाटीकाँध अस्पताल चिकित्सक १ जना हेल्थ अशिष्टेण्ट १ जना सिअनमी अधिकृत १ जना स्टाफ नर्स ००भ्याक्सिनेटर १ एआरटि काउन्सिलर १अनमी ३ जना अहेब २ जना कार्यालय सहयोगी ६ जना
- तोलिजैसी स्वास्थ्य चौकी हेल्थ अशिष्टेण्ट १ जना अहेब १जना अनमी ३ जना कार्यालय सहयोगी ३जना
- गैरगाउँ सामुदायीक स्वास्थ्य ईकाइ। बर्थिङ्ग सेण्टर अनमी २ जना कार्यालय सहयोगी १ जना
- वार्ड नम्बर २ सामुदायी स्वास्थ्य ईकाइ प्याडुली अहेब १ जना अनमी १जना कार्यालय सहयोगी २ जना
- विशाला स्वास्थ्य चौकी एच ए १ जना अहेब २ जना अनमी ३ जना कार्यालय सहयोगी २ जना
- बाहाकोट सामुदायीक स्वास्थ्य ईकाइ अहेव १ जना अनमी २जना कार्यालय सहयोगी २जना
- वार्ड नम्बर ६सामुदयीक स्वास्थ्य ईकाइ । र्थिङ्ग सेण्टर अनमी २ जना कार्यालय सहयोगी २जना
- पोषण शाखा स्वयँ सेवक १

विपद् व्यवस्थापन

- यस गाउँपालिकाको वार्ड नम्बर ३ विशाला अन्तरगत डाँग्रामा मिति २०७५। ८।१२ ।भएको जिप दुर्घटना र मिति २०७६।०३।०२ । गते बाँहकोटमा भएको जिप दुर्घटना र मिति २०७६।०२।०९ गते गुराँस गाउपालिकाको निगालपानीमा भएको मिनी टक दुर्घटनमा गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष समेतको उपस्थितीमा गाउँपालिकाका पदाधिकारीहरु कर्मचारीहरु वडा अध्यक्ष तथा पदाधिकारीहरु नेपाल प्रहरी स्वास्थ्यकर्मी रेटक्रस टोली उद्दार कार्यमा खटिएको व्यहोरा यस गरिमामय गाउँसभामा जानकारी गराउन चाहान्छु । गाउँपालिकाको रु ४लाख खर्चमा शख्त घाईतेको सुविधा सम्पन्न अस्पतालमा उपचारकोलागि हेलिकप्टर मगाई तत्काल ४ जनाकोउद्धार गरिएको व्यहोरा समेत यस सभामा जानकारी गराउन चाहान्छु ।
- यस गाउँपालिकामा यस आर्थिक वर्षमा आएको भारी असिनाको कारण हिउदेवाली गहुँ तथा तरकारी वाली पूर्ण रुपमा नष्ट भएकोले प्रदेश सरकारबाट प्राप्त भएको राहत रकम रु ४० लाख वितरण गर्न समिति बनाई काम थालनी गरिएको छ । समितिले क्षति भएका कृषकको निवेदन शिफारिस गरेर पेश गरेपछि तुरुन्त यसै आर्थिक वर्षमा उक्त रकम वितरण सम्पन्न गरिने छ । साथै गाउँपालिकाबाट छुट्याईएको रकम यसै गाउसभाबाट निर्णय गराई आगामी आर्थिक वर्ष ०७६।७७ को भदौ महिनामा नगदै विउँ खरिदकोलागि उपलब्ध गराईनेछ ।

गाउँसभाका अध्यक्ष तथा गाउँसभाका सदस्यज्यूहरु

अब म यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को अनुमानित आय व्यय र राजश्वको दर यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहान्छु ।

- आर्थिक वर्ष २०७४।७५ को यथार्थ आम्दानी रु २८करोड ५लाख ७२ हजार ४सय २८ आर्थिक वर्ष २०७५।७६को सँशोधित आम्दानी रु र आगामी वर्ष २०७६।७७ को अनुमानीत आम्दानी रु यस गरिमामय गाउँसभामा प्रस्तुत गरेकोछु ।
  - आर्थिक वर्ष २०७४।७५ को यथार्थ तर्फ नेपाल सरकारको समानीकरण अनुदान रु १७ करोड ३६लाख १५ हजार सशर्त अनुदान रु ६करोड १५ लाख ९७ हजार ८ सय ११ सरकारी तथा गैर सरकारी सँघ सँस्थाहरुको कार्यक्रम तर्फ रु ३ करोड ८८लाख ६० हजार र आन्तरीक आय तर्फ रु १लाख ४६ हजार ३सय १५ र बैक मौज्दात ६३ लाख ५३ हजार ३सय २ पैसा ९५ गरि कुल रु २८ करोड ५लाख ७२ हजार ४सय २८ पैसा ९५ यथार्थ आम्दनी भएको व्यहोरा यस गरिमामय गाउँसभामा प्रस्तुत गरेकोछु ।
  - आर्थिक वर्ष २०७५।७६ को सँशोधित आम्दानी तर्फ नेपाल सरकारको समानीकरण अनुदान रु ७ करोड ३०लाख सशर्त अनुदान रु ९ करोड ३२लाख ६३ हजार राजश्व वाँडफाँड तर्फ रु ५ करोड ६४ लाख त्यस्तै प्रदेश सरकार तर्फको सामानीकरण अनुदान

रु ४९लाख ६१ हजार राजश्व बाँडफाँडबाट रु २लाख ७६ हजार त्यस्तै प्रदेश सरकारको समपुरक कोष तर्फ रु १ करोड सरकारी तथा गैर सरकाररी सँघ सँस्थाहरुको लगानी रु १४ लाख १०हजार र यस गाउँपालिकाको आन्तरीक आम्दानी रु ८ करोड ४५लाख ३१ हजार ९ सय २५ पैसा ०८ गरी कुल सँशोधित आम्दानी रु ३२ करोड ३८लाख ४१ हजार ९सय २५ पैसा ०८भएको व्यहोरा यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दछु ।

- आर्थिक वर्ष २०७६।७७ कोलागि अनुमानित आम्दानी तर्फ नेपाल सरकारको समानीकरण अनुदान रु ७ करोड ९० लाख सशर्त अनुदान रु ९ करोड ७५ लाख राजश्व बाँडफाँड रु ६ करोड ५४ लाख त्यस्तै प्रदेश सरकारको समानीकरण अनुदान रु १ करोड १ लाख १८ हजार राजश्व बाँडफाँड रु ४लाख ४८ हजार आन्तरीक आय रु ३०लाख र समपुरक कोष रु विधुतीरणकोलागि नेपाल सरकारबाट रु २२करोड ५० लाख तथा प्रदेश सरकार र अन्य सरकारी तथा गैर सरकारी सँघ सँस्थाहरुबाट रु १करोड६०लाख बहुक्षेत्रीय पोषण कार्यक्रमको रु १४लाख १० हजार गैसस कार्यक्रम को १७लाख ४६ हजार ३३७ सामाजिक सुरक्षाको रु ३ करोड गरी कुल अनुमानीत आम्दानी ५३ करोड ९६लाख ४६ हजार ३३७ यस गरिमामय गाउँसभामा प्रस्तुत गरेकोछु ।

## आगामी आ.व.२०७६/७७ को बजेट तथा कार्यक्रम

प्रस्तुत गर्ने

उपाध्यक्ष श्री सुस्मता सिह

गाउँसभामा पेश भएको मिति: २०७६।०३।१०

**आय व्ययको विवरण**

आ.व.२०७६ /०७७

रु. हजारमा

| शीर्षक | | गत आ.व.२०७४ ७५/ कोयथार्थ | चालु आ.व. २०७५ ७६ को संशोधित अनुमान | आ.व.२०७६ / ७७ कोअनुमान |
|---|---|---|---|---|
| **आयः** | | | | |
| | **राजस्वः** | | | |
| | आन्तरिक राजस्व | १४६३१५।००० | ३००।००० | ३०००।०० |
| | राजस्व बाँडफाँडबाटप्राप्त रकम बैक | ६३५३३०२।१ ५० | | |
| | नेपाल सरकारबाट | | ५६४००।००० | ६५४००।००० |
| | प्रदेश सरकारबाट | | २७६००।००० | ४४८।००० |

| | | | | |
|---|---|---|---|---|
| | अन्य आय | | ८४२३१।९२५ | |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | |
| | नेपाल सरकारबाटप्राप्त समानीरकरण<br>सशर्त | ७३६१५ ।०००<br>६१५९७८११ | ७३०००।०००<br>९३२६३।००० | ७९०००।०००<br>९७५००।००० |
| | प्रदेश सरकारबाटप्राप्त समानीकरण | ००० | ४९६१।००० | १०११८।००० |
| | अन्तर स्थानीय तहबाटप्राप्त समपुरक | ००० | १००००।०० | २४१०००।०० |
| | **जनसहभागिताः** | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगतसहायता सँघ सँस्था | ३८८६०।०० | १४१०।०० | १४१०।०० |
| **व्ययः** | | | | |
| | चालु खर्च | ११४६९७।०४८ | २००८०६।९२५ | २०५११८।३३७ |
| | पूँजिगतखर्च | ८४८४३।४५५ | ११५०००।००० | ३३४५२८।००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| **बजेट बचत** (+)/**न्यून** (-) | | **८२०३१।९२५** | **००** | **००** |
| **वित्तीय व्यवस्था** | | | | |
| | **खुद ऋण लगानी** | **००** | **००** | |
| | ऋण लगानी (-) | ०० | ०० | |
| | ऋण लगानीको सावाँफिर्ता प्राप्ती (+) | ०० | ०० | |
| | | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | ०० | ०० | |
| | शेयर बिक्रीबाट लगानीफिर्ता प्राप्ती (+) | ०० | ०० | |
| | | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी (-) | ०० | ०० | |
| | ऋण प्राप्ती (+) | ०० | ०० | |
| **अन्तिम बजेट बचत** (+)/**न्यून** (-) | | | | |

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७६ /७७

रु. हजारमा

| शीर्षक | | गत आ.व २०७४/७५ को यथार्थ | चालु आ.व. २०७५ /७६को संशोधित अनुमान | आ.व. २०७६ /७७ कोअनुमान |
|---|---|---|---|---|
| **राजस्वः** | | | | |
| | **आन्तरिक राजस्वः** | **१४६३१५।००** | **३००** | **३०००।०००** |
| 11300 | सम्पत्ति कर | | | |
| 11310 | अचल सम्पत्तिमा लाग्नेकर | | | |
| 11311 | व्यक्तिगत सम्पतीमालाग्ने बार्षिक कर | | | |
| 11312 | संस्थागत सम्पतीमालाग्ने बार्षिक कर | | | |
| 11313 | एकीकृत सम्पति कर | | | |
| 11314 | भुमिकर/मालपोत | | | |

| | | | | |
|---|---|---|---|---|
| 11320 | खुद सम्पत्तीमा लाग्नेकर | | | |
| 11321 | घरवहाल कर | | | |
| 11322 | वहाल विटौरी कर | | | |
| स्थानीय तहले आर्जन गर्ने अन्य कर तथा राजश्वको विवरणहरु नेपालसरकारवाट स्वीकृत राजश्व संकेत तथा वर्गिकरण र व्याख्या बमोजिम उल्लेख गर्ने । | | | | |
| | | | | |
| | **राजस्व बाँडफाँडः** | | | |
| | **नेपाल सरकार बाट** | | **५६४००** | **६५४००** |
| | **प्रदेश सरकारबाट** | | **२७६** | **४४८** |
| 11411 | बाँडफाँड भई प्राप्तहुने मूल्य अभिबृद्धि कर | | | |
| 11421 | बाँडफाँड भई प्राप्तहुने अन्त शुल्क | | | |
| 14171 | वन रोयल्टी | | | |
| 14172 | खानी रोयल्टी | | | |
| 14173 | जलस्रोत रोयल्टी | | | |

| | | | | |
|---|---|---|---|---|
| 14174 | पर्वतारोहण रोयल्टी | | | |
| 14175 | पदयात्रा रोयल्टी | | | |
| 14176 | पर्यटन सेवा शुल्करोयल्टी | | | |
| **अन्य आयः** | | | | |
| | साविक स्थानीयनिकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| | बेरुजु असुली | | | |
| | गत वर्षको नगद मौज्दात | | ८१७०० | १००२४।००० |
| | | | | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | | |
| | **नेपाल सरकारबाटप्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरणअनुदान | ९६३६०३२२।६२ | ७३००० | ७९००० |

| | | | | |
|---|---|---|---|---|
| | सशर्त अनुदान | ६०७३०८५२।९० | ८५९०० | ९७५०० |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | RVWRMP | ११२६३१६९।०० | ०० | ०० |
| | साना सिचाई आयोजना पुँजीगत | ०० | ३७८४.३५०२८ | ०० |
| | **प्रदेश सरकारबाटप्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरणअनुदान प्रदेशको | ०० | ४९६१ | १०११८ |
| | सशर्त अनुदान | ०० | ०० | ०० |
| | समपूरक अनुदान | ०० | ०० | ०० |
| | विशेष अनुदान | ०० | ०० | ०० |
| | अन्य अनुदान। सरकारी तथा गैर सरकारी सँस्थाको लगानी | ६८२०००।०० | | १७४६।३३७ |
| | **अन्य स्थानीय तहबाटप्राप्त** | **००** | **००** | **००** |

| | | | | |
|---|---|---|---|---|
| | **अनुदानः** | | | |
| | सशर्त अनुदान | ०० | ०० | ०० |
| | समपूरक अनुदान | ०० | १०००० | २४१००० |
| | विशेष अनुदान सामाजिक सुरक्षा | २४८६८०००।०० | २८००० | ३०००० |
| | LGCDP चालु | ४२६०००।०० | ०० | ०० |
| | LGCDP पुँजीगत | ६०००००।०० | ०० | ०० |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | ८६४०००।०० | १४१० | १४१० |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | ०० | ०० | ०० |
| | श्रम तथा वस्तुगतसहायता | ०० | **८०००** | **००** |
| | जम्मा | १९५७९४३४४।५२ | **३३९६४७।०००** | **५३९६४६३३७।०८** |

गाउँसभाका अध्यक्ष तथा गाउँसभाका सदस्यज्यूहरु

- आर्थिक वर्ष २०७४।५५ को यथार्थ पुँजीगत खर्च रु ८ करोड ३८लाख ४३ हजार ४ सय ५५ पैसा ३३ चालु खर्च रु ११ करोड ४६ लाख ९७ हजार ४८ रुपैया पैसा ५४ बचत ८ करोड २०लाख ३१ हजार ९ सय २५ रुपैया पैसा०८ आर्थिक वर्ष २०७५।७६को सँशोधित पुँजीगत खर्च रु ११ करोड ५०लाख चालुखर्च रु २० करोड ८ लाख ०६ हजार ९२५ पैसा ०८ र आगामी वर्ष

२०७६।७७ को अनुमानीत पुँजीगत खर्च रु ३३ करोड ४५ लाख २८ हजार चालु खर्च रु २०करोड ५१ लाख १८ हजार ३३७ गरि कुल खर्च रु ५३करोड ९६ लाख ४६ हजार ३३७ पैसा ०८ यस गरिमामय गाउँसभामा प्रस्तुत गरेकोछु ।

## व्यय अनुमान

आ.व.२०७६ /७७

रु. हजारमा

| शीर्षक | | आ.व.२०७४ / ७५को यथार्थ | आ.व.२०७५ / ७६को संशोधित अनुमान | आ.व.२०७६ /७७ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानी यतह | | |
| **चालु खर्च** | | | | | | | | | | |
| २१००० | पारिश्रमिक /सुविधा | | | **१०९०८५४९** | | | | | | |
| २११०० | पारिश्रमिक /सुविधा | | | | | | | | | |
| २१११० | नगदमा दिइने पारिश्रमिक र सुविधा | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११२० | जिन्सी वा जिन्सी वापत कर्मचारी दिइने पारिश्रमिक सुविधा | | | | | | | | | | |
| २११२१ | पोशाक | | | **३९०००० ** | | | | | | | |
| २११२२ | खाद्यान्न | | | | | | | | | | |
| २११२३ | औषधी उपचार खर्च | | | | | | | | | | |
| २११३० | कर्मचारी भत्ता | | | | | | | | | | |
| २११३१ | स्थानीय भत्ता | | | १८७७४९० | | | | | | | |
| २११३२ | महंगी भत्ता | | | ६८८००० | | | | | | | |
| २११३३ | फिल्ड भत्ता | | | २३१००० | | | | | | | |
| २११ | कर्मचारी | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | को बैठक भत्ता | | | | | | | | | |
| २११ ३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | | | | | | | |
| २११ ३९ | अन्यभत्ता | | | | | | | | | |
| २११ ४० | पदाधिकारी भत्ता तथा अन्य सुविधा | | | | | | | | | |
| २११ ४१ | पदाधिकारी बैठक भत्ता | | | | | | | | | |
| २११ ४२ | पदाधिकारी अन्य सुबिधा | | | | | | | | | |
| २११ ४९ | पदाधिकारी अन्य भत्ता | | | | | | | | | |
| स्थानीय तहले गर्ने अन्य चालु खर्चका शिर्षकहरु आवश्यकता अनुसारयसै गरि उल्लेख गर्ने। | | | | | | | | | | |

| पूँजिगत खर्च | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३११ ११ | भवन खरिद | | | | | | | | | | |
| ३११ १२ | भवन निर्माण | | | | | | | | | | |
| ३११ १३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | | | | | | | | |
| ३११ १५ | फर्निचर तथा फिक्चर्स | | | | | | | | | | |
| ३११ २० | सवारी साधन तथा मेशिनरी औजार | | | | | | | | | | |
| ३११ २१ | सवारी साधन | | | | | | | | | | |
| ३११ २२ | मेशिनरी तथा | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | औजार | | | | | | | | | |
| **३११ ३०** | **अन्य पूँजीगत खर्च** | | | | | | | | | |
| ३११ ३१ | पशुधन तथा बागवानी विकास खर्च | | | | | | | | | |
| ३११ ३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिकस म्पत्ती प्राप्ति खर्च | | | | | | | | | |
| ३११ ५० | सार्वजनिक निर्माण | | | | | | | | | |
| ३११ ५१ | सडक तथा पूल निर्माण | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३११ ५२ | रेलमार्ग तथा हवाई मैदान निर्माण | | | | | | | | | |

गाउँसभाका अध्यक्ष तथा गाउँसभाका सदस्यज्यूहरु

- आर्थिक वर्ष ०७६।७७ कोलागि गाउँपालिकाले राजश्व र करको दायरा तथा करको दरमा कुनै परिवर्तन गरिने छैन ।साविक कारको दायरा र दरलाई नै प्रस्ताब गरेकोछु ।
- आर्थिक वर्ष ०७६।७७ को असार मसान्तसम्ममा गत विगत वर्षदेखि मालपोत नतिरेका जग्गाधनीहरुले तिर्न बाँकी मालपोत तिरेमा सोमा लाग्ने जरिवाना छुट गरिनेछ । यो व्यवस्थाले जग्गाधनीलाई मालपोत बुझाउन सहज हुनेछ ।

सभा अध्यक्षज्यू तथा सभाका सँपूर्ण सदस्यज्यूहरु

अब म यस गाउँपालिका अन्तरगत आव ०७६।७७ मा नेपाल सरकारद्धारा प्राप्त समानीकरण अनुदान सशर्त अनुदान राजश्व बाँडफाँड र आन्तरिक आय तथा सरकारी तथा गैर सरकारी निकायबाट सँचालन हुने गाउँपालिका स्तरियतम वडास्तरिय विषयगत कार्यक्रम तथा योजना र सामाजिक सुरक्षा तर्फको विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

गाउपालिका स्तरिय योजना

<u>पूर्वाधार विकास तर्फ</u>

- आब ०७६।७७ मा सामुदायीक विधुतीकरणकोलागि नेपाल सरकारसँग साझेदारी गर्न रु २ करोड ५० लाख विनियोजन गरेकोछु । यस कार्यक्रमबाट नेपाल सरकारको केन्दीय वजेट २२ करोड ५० लाख साझेदारी समेतगरि २५ करोड सामुदायीक विधुतीकरणमा लगानी हुने र यस गाउँपलिकाका ६ वटै वडाहरुमा सामुदायीक विधुतीकरणको काम सँचालन हुनेछ ।
- आब ०७६।७७ मा सडक तथा अन्य पूर्वाधार निर्माण स्तरोन्नतीकोलागि प्रदेश सरकार तथा अन्य सरकारी तथा गैर सरकारी निकायसँग साझेदारीकोलागि रु १ करोड ५०लाख विनियोजन गरेकोछु ।
- ढिप्का बाहाकोट गैरागाउँ सडक मर्मत तथा स्तरोन्नतीकोलागि रु १८ लाख ८५ हजार विनियोजन गरेकोछु ।
- अगाल डाडा प्रसुति गृह शौचालय निर्माण तथा घेरवारकोलागि रु ९ लाख ५० हजार विनियोजन गरेकोछु ।

- वार्ड नम्बर १ को वडा कार्यालय भवन मर्मतकोलागि रु ९ लाख ४० हजार विनियोजन गरेकोछु ।
- वार्ड नम्बर २ को प्याडुली स्वास्थ्य इकाइ हुइता सडक निर्माणका लागि रु ९लाख ४५ हजार विनियोजन गरेकोछु ।

**झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम सशर्त अनुदान**

- **उल्लानी बृज तित्रा खोला झोलुङ्गे पुल नेपाल सरकार नगद अनुदान रु ४०लाख रकम विनियोजन गरेकोछु ।**

**जलश्रोत तर्फ सशर्त अनुदान**

- खानेपानी सँरचना निर्माण सुधार तथा स्तरोन्नती (RVWRMP) फिनल्याण्ड सँयूक्त कोष सोझै भूक्तानी अनुदान रु ६३ लाख ६५ हजार विनियोजन गरेकोछु ।
- ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना सम्बन्धि क्षमता विकास ।अनुगमन तथा मूल्याङ्कन क्रियाकलापहरु तालिम गोष्ठी अवलोकन भ्रमण फिनल्याण्ड सँयूक्त कोष सोझै भूक्तानी अनुदान रु ५९ हजार विनियोजन गरेकोछु ।
- चरणवद्ध प्रणाली अन्तरगत तालिम गोष्ठी अवलोकन भ्रमण फिनल्याण्ड सँयूक्त कोष सोझै भूक्तानी अनुदान रु ५लाख ७६ हजार विनियोजन गरेकोछु
- खानेपानी सँरचना निर्माण सुधार तथा स्तरोन्नती (RVWRMP) नेपाल सरकार नगद अनुदान रु १२लाख १२ हजार रकम विनियोजन गरेकोछु ।
- ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना सँचालनकोलागि कार्यालय खर्च नेपाल सरकार नगद अनुदान रु०० लाख ५० हजार रकम विनियोजन गरेकोछु ।
- ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना सम्बन्धि गाउँपालिका स्तरमा गरिने क्षमता विकास । अनुगमन तथा मूल्याङ्कन क्रियाकलापहरु जस्तै तालिम गोष्ठी अवलोकन भ्रमण नेपाल सरकार नगद अनुदान रु०० लाख ११ हजार रकम विनियोजन गरेकोछु ।
- चरणवद्ध प्रणाली अन्तरगत तालिम तथा गोष्ठीहरु नेपाल सरकार नगद अनुदान रु१ लाख १९ हजार रकम विनियोजन गरेकोछु ।

सामाजिक विकास तर्फ

समानीकरणबाट

- यस गाउँपालिका अन्तरगत सँचालित विभिन्न विधालयहरुको शिक्षा सुधार अनुदान कार्यक्रममा रु १ करोड ५६ लाख ३५ हजार विनियोजन गरेकोछु । यो विनियोजित रकमबाट विधालयको शिक्षामा सुधारकोलागि अस्थायी दरवन्दीमा रहेका शिक्षकहरुको सुविधा तथा आबश्यक थप कार्यक्रम कोलागि गाउँपालिकाको अनुदान कार्यविधि अनुसार प्रस्ताब मागगरी सोझै विधालयहरुलाई अनुदान प्रदान गरिनेछ ।

सशर्त अनुदानबाट

- आधारभूत तहका स्वीकृत दरवन्दिका शिक्षक राहत अनुदान शिक्षककालागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक। कर्मचारीहरु समेत सबैकालागि शिक्षा आधारभूत तह कोलागि नेपाल सरकार नगद अनुदान शिर्षकमा रु २ करोड ९२ लाख ४४ हजार विनियोजन गरेकोछु ।
- माध्यमिक तह स्वीकृत दरवन्दिका शिक्षक राहत अनुदान शिक्षककालागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक। कर्मचारीहरु ।प्राविधिक धारका प्रशिक्षक समेत माध्यमिक तह कोलागि नेपाल सरकार नगद अनुदान शिर्षकमा ६७ लाख ६१हजार विनियोजन गरेकोछु ।
- विधालय क्षेत्र विकास कार्यक्रमका जिल्लास्तर नगद अनुदानको लागि रु १३ लाख ८२ हजार विनियोजन गरेकोछु ।
- विधालय क्षेत्र विकास कार्यक्रमका जिल्लास्तर नगद अनुदानको लागि रु ३५ लाख ४५ हजार विनियोजन गरेकोछु ।
- विधालय भौतिक पूर्वाधार निर्माण कार्यक्रमका जिल्लास्तर नगद अनुदानको लागि रु ६५ लाख १५ हजार विनियोजन गरेकोछु ।
- विधालय सँचालन तथा व्यवस्थापन नगद अनुदानको लागि रु ११ लाख ९८ हजार विनियोजन गरेकोछु ।
- विधालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवँम कार्यसम्पादनमा आधारित प्रोत्साहन नगद अनुदानको लागि रु १५ लाख १० हजार विनियोजन गरेकोछु ।
- वैकल्पिक शिक्षा कार्यक्रमकालागि नगद अनुदानको लागि रु २लाख ७७ हजार विनियोजन गरेकोछु ।
- प्रति विध्यार्थि लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवँ कक्षा ८ को परीक्षा व्यवस्थापन नगद अनुदानको लागि रु ६ लाख १२हजार विनियोजन गरेकोछु ।
- प्रारम्भिक वाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विधलय कर्मचारी व्यवस्थापन नगद अनुदानको लागि रु १५ लाख ६९ हजार विनियोजन गरेकोछु ।
- विध्यालय भौतिक पूर्वाधार निर्माण नगद अनुदानको लागि रु २८ लाख ८५ हजार विनियोजन गरेकोछु ।
- विध्यालय सँचालन तथा व्यवस्थापन नगद अनुदानको लागि रु ५ लाख ३० हजार विनियोजन गरेकोछु ।
- विधालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन नगद अनुदानको लागि रु ६ लाख ६९ हजार विनियोजन गरेकोछु ।
- शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा बैकल्पिम शिक्षा कार्यक्रम परम्परागत विद्यालय वैकल्पिम विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत नगद अनुदानको लागि रु १ लाख २३ हजार विनियोजन गरेकोछु ।

- सार्वजनिक विधालयका विधार्थिहरुकालागि निशुल्क पाठ्यक्रम नगद अनुदानको लागि रु २८ लाख ८८ हजार विनियोजन गरेकोछु ।
- सार्वजनिक विधालयमा अध्ययनरत विधार्थिहरुकालागि छात्रवृत्ति कार्यक्रम मा नगद अनुदानको लागि रु २२ लाख ०७ हजार विनियोजन गरेकोछु ।

**खेलकुद तर्फ सशर्त अनुदानबाट विनियोजित**

- राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता स्थानीय तह स्तरिय नगद अनुदानको लागि रु १ लाख ०० हजार विनियोजन गरेकोछु ।

**<u>सामाजिक विकास क्षेत्रमा समानीकरणबाट विनियोजित बजेट</u>**

- ठाटीकाँध अस्पताल ३ वटा भवन निर्माण क्रमागत मा रु ४० लाख विनियोजन गरेकोछु ।
- ठाटीकाँध अस्पताल तथा अन्य ५ वटै वडाका स्वास्थ्य सँस्थाहरुमा औषधि तथा उपकरण खरिदमा रु १५ लाख विनियोजन गरेकोछु।
- महिला, वालवालिका, अपाङ्ग, जेष्ठ नागरिक ,दलित, जनजाती हरुको क्षमता अधिबृद्धी कार्यक्रममा रु २० लाख विनियोजन गरेकोछु ।यस कार्यक्रममा लक्षित वर्गको क्षमता अभिबृद्धि तथा चेतना अभिबृद्धि हुनेछ ।
- महिला स्वास्थ्य स्वयँ सेविकाहरुको सम्मान स्वरुप वार्षिक रु ५०००।००का दरले चाडपर्व खर्चकोलागि रु २लख ७५ हजार विनियोजन गरेकोछु । यस कार्यक्रमबाट महिला स्वास्थ्य स्वयँ सेविकाहरुलाई उत्प्रेणा मिल्नेछ भन्ने अपेक्षा लिएकोछु ।
- बहुक्षेत्रीय पोषण आयोजना कोलागि गाउँपालिकाको रु ६लाख ९० हजार विनियोजन गरेकोछु । उक्त कार्यक्रमकोलागि नेपाल सरकारको साझेदारी रु १४ लाख १० हजार समेतको कार्यक्रम सँचालन हुनेछ ।

**<u>स्वास्थ्य क्षेत्रमा सशर्तबाट विनियोजित बजेट</u>**

- स्वास्थ्य चौकी प्रास्वाके तथा अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब महङ्गी भत्ता स्थानीय भत्ता पोषाक लगायत अन्य प्रशासनीक खर्चकोलागि नगद अनुदान रु लागि रु१ करोड २१ लाख २० हजार विनियोजन गरेकोछु ।
- क्षय रोग नियन्त्रण कार्यक्रमकोलागि नगद अनुदान रु ३५ हजार ,६० हजार, ८ हजार, र ५० हजार गरि कुल रु०० करोड १ लाख ५३ हजार विनियोजन गरेकोछु ।
- परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रममा नगद अनुदानको लागि रु ५ लाख ४९ हजार विनियोजन गरेकोछु ।
- परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रममा औजार उपकरण खरिदकालागि नगद अनुदानको लागि रु ०० लाख २७ हजार विनियोजन गरेकोछु ।
- मातृ तथा नवशिशु कार्यक्रमकोलागि नगद अनुदानको लागि रु ५ लाख ९० हजार विनियोजन गरेकोछु ।

- मातृ तथा नवशिशु कार्यक्रम अनुगमन तथा सुपरीवेक्षणकोलागि नगद अनुदानको लागि रु ०० लाख १० हजार विनियोजन गरेकोछु ।
- मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा ANC न्यानो झोला Vitamin K ,Magnesiun Sulphate ,Calcium Gluconate र निशुल्क गर्भपतन कार्यक्रमकोलागि नगद अनुदानको लागि रु १२ लाख ४५ हजार विनियोजन गरेकोछु ।
- मातृ तथा नवशिशु कार्यक्रमकोलागि व्यक्ति करार नगद अनुदानको लागि रु ५ लाख ३२ हजार विनियोजन गरेककोछु ।
- खोप केन्द्र निर्माणकालागि नगद अनुदानको लागि रु ७ लाख २४ हजार विनियोजन गरेकोछु ।
- दादुरा रुवेला खोप अभियानकालागि नगद अनुदानको लागि रु ०० लाख ६१ हजार विनियोजन गरेकोछु ।
- नियमित तथा पूर्ण खोप दिगोपना र खोप ढुवानीकालागि नगद अनुदान रु २ लाख ४४ हजार विनियोजन गरेकोछु ।
- पोषण कार्यक्रमकालागि नगद अनुदान रु २ लाख ८० हजार विनियोजन गरेकोछु ।
- रोटा खोप सुरुवातकोलागि नगद अनुदान रु ०० लाख २० हजार विनियोजन गरेकोछु ।
- नसर्ने रोग सम्बन्धि कार्यक्रमकोलागि नगद अनुदान रु ०० लाख ७० हजार विनियोजन गरेकोछु ।
- महामारी तथा प्रकोपजन्य रोगहरुको अबश्थामा RRT/CRRT परिचालन गर्ने ,चौमासिक रिभ्यू तथा अभिमुखीकरण गर्नकोलागि नगद अनुदान रु ०० लाख ६० हजार विनियोजन गरेकोछु ।
- मानसिक स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमकालागि नगद अनुदान रु ०० लाख १९ हजार विनियोजन गरेकोछु ।
- सरुवा रोग सम्बन्ध रोकथाम र सचेतना प्रचार प्रसार दिवस कार्यक्रम ( रेविज सर्पदँश पशुपँछीबाट हुने इन्फुएन्जा वर्ड फ्लु) नगद अनुदान रु  लाख २० हजार विनियोजन गरेकोछु ।
- विश्व कुष्ठ रोग दिवस,अपाङ्गता दिवस उपलक्ष्यमा कार्यक्रमकोलागि नगद अनुदान रु ०० लाख १५ हजार विनियोजन गरेकोछु ।
- मासिक तथा चौमासिक समिक्षा सूचना सँकलन गुणस्तर सुधार तथा विधुतीय प्रतिवेदनकालागि ईण्टरनेट सेवा तथा महशुल भुक्तानी नगद अनुदान रु ०० लाख ९७ हजार विनियोजन गरेकोछु ।
- विधालय स्वास्थ्य शिक्षा आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यकालागि सामाजिक व्यवहार परिवर्तन प्रवर्धन अभियान कार्यक्रमकोलागि नगद अनुदान रु १ लाख २५ हजार विनियोजन गरेकोछु ।
- विरमीहरुकोलागि ओपिडि टिकट कार्वन कपी सहितको छपाई नगद अनुदान रु १ लाख ०० हजार विनियोजन गरेकोछु ।
- आँखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्य सम्बन्धि महिला स्वास्थ्य स्वयँ सेविकाहरु तथा स्वास्य्य शिक्षकहरुकोलागि अभिमुखीकरण कार्यक्रम नगद अनुदान रु ०० लाख ८० हजार विनियोजन गरेकोछु ।

- आधारभूत तथा आकश्मिक सेवा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र प्राथमिक अस्पतालको न्यूनतम् सेवा मापदण्ड अनुगमन सम्बन्ध अभिमुखीकरण कार्यक्रम नगद अनुदान रु १ लाख ०० हजार विनियोजन गरेकोछु ।
- आधारभूत तथा आकश्मिक सेवाकालागि औषधि खरिद नगद अनुदान रु ८ लाख ५० हजार विनियोजन गरेकोछु ।
- आधारभूत तथा आकश्मिक सेवाको सनिश्चतताकालागि औषधिको आपुर्ति र उपयोग सम्बन्धि कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन  भ्रमण खर्च नगद अनुदान रु १ लाख ०० हजार विनियोजन गरेकोछु ।
- औषधि लगायतका सामाग्रीको ढुवानी तथा रिप्याकिङ्ग र वितरण नगद अनुदान रु १ लाख ०० हजार विनियोजन गरेकोछु ।
- औषधिको समुचित प्रयोग प्रवर्धनकोलागि साथि समुह शिक्षा कार्यक्रम तथा आधारभूत स्वास्थ्य सेवा सम्बन्धि  स्तरिय उपचार पद्दति अभिमुखीकरण तथा  समिक्षा कार्यक्रम नगद अनुदान रु १ लाख २५ हजार विनियोजन गरेकोछु ।
- न्यूनतम् सेवा मापदण्ड कार्यान्वियनकालागि आबश्यक औजार उपकरण तथा स्वास्थ्य सामाग्री खरिद मर्मत तथा व्यवस्थापन नगद अनुदान रु १ लाख ५० हजार विनियोजन गरेकोछु ।
- शहरी स्वास्थ्य केन्द्र । सामुदायीक स्वास्थ्य ईकाइ स्थापना तथा सँचालन नगद अनुदान रु १० लाख ०० हजार विनियोजन गरेकोछु ।
- महिला स्वास्थ्य स्वयँ सेविका कार्यक्रम समिक्षा तथा दिवस नगद अनुदान रु ०० लाख १२ हजार विनियोजन गरेकोछु ।
- पोषण कार्यक्रम यूनीसेफ सोझैभूक्तानी  अनुदानको लागि रु १ लाख ०० हजार विनियोजन गरेकोछु ।
    - यस गाउँपालिकाको वार्ड नम्बर १ २ र ६ को पायक पर्ने वडा न ६ को दोबाटोमा ल्याण्ड फिल्ड साईट निर्माणकोलागि आर्थिक वर्ष ०७६।७७ को कान्टिजेन्सीबाट रु ५ लाख खर्च गर्ने ।
    - दलित जनजाती का SEE  परीक्षामा उत्कृष्ट अङ्क ल्याई उत्तिर्ण हुने १ जना विद्यार्थिलाई सामुदायीक विद्यालयबाट उच्च शिक्षा अध्ययन गर्न आर्थिक वर्ष ०७६।७७ को कान्टिजेन्सीबाट रु १ लाख ५०हजार छात्रवृत्ती उपलब्ध गराउने   ।

- यस गाउँपालिकको वार्ड नम्बर १ र ६ को पायक पर्नेगरि ठाटीकाँध वाजर नजिक पशु वधशाला बनाउने र सोकोलागि आर्थिक वर्ष ०७६।७७ को कान्टिजेन्सीबाट रु ५ लाख खर्च गर्ने ।

- यस गाउँपालिकाको वर्ड नम्बर ३ को बाकोट वजारमा नजिक सार्वजनिक जग्गामा पशु पन्छि वधशाला निर्माण गर्न आर्थिक वर्ष ०७६।७७ को कान्टिजेन्सीबाट रु २ लाख खर्च गर्ने ।
- यस गाउँपालिको वार्ड नम्बर १ र ६ को पायक पर्नेगरि ठाटीकाँध बजार नजिक कृषि हाट बजार तोक्ने र सोकोलागि आर्थिक वर्ष ०७६।७७ को कान्टिजेन्सीबाट रु ३लाख खर्च गर्ने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्रत्येक वडाका तालिम सँचालन गर्न आर्थिक वर्ष ०७६।७७ को कान्टिजेन्सीबाट रु ३लाख खर्च गर्ने ।
- यस गाउँपालिकाका डकर्मी र सिकर्मीहरुकोलागि भूकम्प प्रतिरोधात्मक ७ दिने तालिमको लागि आर्थिक वर्ष ०७६।७७ को कान्टिजेन्सीबाट रु ५ लाख खर्च गर्ने ।

**आर्थिक विकास तर्फ**

**सशर्त अनुदान अन्तरगतका कार्यक्रमहरु**

श्रम तथा रोजगार

- प्रधानमन्त्री रोजगार कार्यक्रममा अस्थायी तथा करार कर्मचारीकोलागि पोषाक नगद अनुदान रु ०० लाख १० हजार विनियोजन गरेकोछु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा कार्यालय सँचालन तथा मसलन्द खर्चलागि  नगद अनुदान रु ०० लाख ५० हजार विनियोजन गरेकोछु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा लागि कर्मचारी तलब नगद अनुदान रु ४ लाख १७ हजार विनियोजन गरेकोछु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगार सँयोजककोलागि स्थानीय भत्ता  नगद अनुदान रु ०० लाख ४८ हजार विनियोजन गरेकोछु ।

उर्जा तर्फ

- नवीकरणीय उर्जा प्रविधिहरु लघु तथा साना जलविधुत सौर्य उर्जा वायोग्यास वायोमास उर्जाको उत्पादनमुलक परिप्रयोग मार्फत उर्जा उत्पादन र परिप्रयोग नगद अनुदान रु १२लाख ४५ हजार विनियोजन गरेकोछु ।

लक्षित वर्ग कार्यक्रम तर्फ राजश्व वाडफाडबाट

- विपन्न दलित यूवाहरुको स्वरोजगारकालागि शिप विकास कार्यक्रम तर्फ रु ३ लाख विनियोजन गरेकोछु । जसले उनीहरुको क्षमता विकास हुनेछ ।

- विपन्न युवाहरुको स्वरोजगारकोलागि व्यवसायीक शिप विकास कार्यक्रम तर्फ रु ५ लाख विनियोजन गरेकोछु । जस बाट विपन्न वेरोजगार यूवाहरुको आय आर्जनमा वृद्धि हुनेछ ।
- दलित लक्षित कार्यक्रम अन्तरगत आधुनिक आरान सुधार तथा क्षमता विकास तर्फ रु ६ लाख विनियोजन गरेकोछु । जसबाट परम्परागत पेशालाई आधुनिकीकरण तर्फ उन्मुख हुने छन ।
- महिला दलित जनजाति तथा अन्य विपन्न यूवाहरुकालागि लोक सेवा तयारी कक्षा सँचालनकालागि रु ३ लाख विनियोजन गरेकोछु । जसबाट शैक्षिक वेरोजगार युवाहरुको क्षमता विकास भई सरकारी सेवामा प्रतिस्पर्धा गर्न सक्षम हुनेछन ।
- जनजाति लक्षित व्यवासयीक सिप विकास तालिम तर्फ रु ५ लाख विनियोजन गरेको छु ।यस कार्यक्रमबाट जनजाति यूवाहरुको क्षमता विकासि भई रोजगार उन्मुख हुने छन ।

विषयगत शाखाको समानीकरणतर्फ

- कृषि विकास तर्फका विभिन्न कार्यक्रमहरुकोलागि रु १० लाख विनियोजन गरेकोछु ।
- पशुपन्छि विकासकालागि रु १५ लाख विनियोजन गरेकोछु ।
- पूर्ण सरसफाई कार्यक्रम सँचालन तथा सोको प्रशासनिक खर्च समेतको कार्यक्रमकोलागि रु २५ लाख विनियोजन गरेकोछु ।
- वन सँरक्षण सुदृढीकरण तथा दिगो विकास कार्यक्रम र सोको प्रशासनिक खर्च समेतको कार्यक्रमकालागि रु २२ लाख विनियोजन गरेकोछु ।
- नागरिकता तथा मतदाता परिचय पत्र शिविरकोलागि रु २ लाख विनियोजन गरेकोछु ।
- निशुल्क स्वास्थ्य शिविरकोलागि रु २ लाख विनियोजन गरेको छु ।
- वडास्तरीय योजनाहरुकोलागि देहाय बँमोजिम वजेट विनियोजन गरेकोछु ।

  सशर्त तर्फ विनियोजित रकम

  - सहकारी सिँचाई साना सिचाई मर्मत सँभार तथा निर्माण रु ५लाख विनियोजन गरेकोछु ।
  - भकारो सुधार कार्यक्रमकोलागि रु ३ लाख विनिजन गरेकोछु ।
  - माटो परिक्षण गरा माटो सुधारकालागि सामाग्री प्रविधि वितरण हस्तान्तरणकोलागि रु २लाख विनियोजन गरेकोछु ।
  - पशु स्वास्थ्य व्यवस्थापनकोलागि औषधि वितरणकोलागि रु १लाख ४५ हजार विनियोजन गरेकोछु ।
  - पशुपँन्छि तथा मत्स्य उपचार सेवाकोलागि रु ६० हजार विनियोजन गरेकोछु ।
  - वर्ड फ्लु रोग लगायत अन्य रोगको नियन्त्रणकोलागि वैठक तथा नमुना सँकलन गरि पठाउन तथा प्रदेश र सँघमा रिपोर्टिङ्ग गर्न रु ७५ हजार विनियोजन गरेकोछु ।
  - विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक रु १लाख २५ हजार विनियोजन गरेकोछु ।

- तरल नाईटोजन भण्डारण तथा वितरण तथा व्यवस्थापनकोलागि रु २ लाख ४० हजार विनियोजन गरेकोछु ।
- वडास्तरबाट छनौट योजनाहरुकोलागि विनियोजित बजेट

| क्र स | वडा नम्बर | वजेट |
|---|---|---|
| १ | वडा नम्बर १ | ३२१६७६५।०० |
| २ | वडा नम्बर २ | ३१००५०६।०० |
| ३ | वडा नम्बर ३ | ३६९९३७९।०० |
| ४ | वडा नम्बर ४ | ३३८२३५०।०० |
| ५ | वडा नम्बर ५ | ३२१९६१८।०० |
| ६ | वडा नम्बर ६ | ३१६१३८२।०० |
| | जम्मा | १९७८००००।०० |

- वडा सँचालन खर्च शिर्षक देहाय बँमोजिम विनियोजन गरेकोछु ।

रकम रु हजारमा

| शिर्षक | वार्ड नम्बर १ | वार्ड नम्बर २ | वार्ड नम्बर ३ | वार्ड नम्बर ४ | वार्ड नम्बर५ | वार्ड नम्बर६ | जम्म |
|---|---|---|---|---|---|---|---|
| बैठक भत्ता | १४४ | १४४ | १४४ | १४४ | १४४ | १४४ | ८६४ |
| विविध | ४० | ४० | ४० | ४० | ४० | ४० | २४० |
| मसलन्द | ५० | ५० | ५० | ५० | ५० | ५० | ३०० |
| कुल जम्मा | २३४ | २३४ | २३४ | २३४ | २३४ | २३४ | १४०४ |

**सामानीकरण तथा राजश्व वाँडफाडको विनियोजित रकम**

| क्र.सं. | व्यय विवरण | रकमरु. हजारमा |
|---|---|---|
| १ | गाउँपालिका गौरवको आयोजनाका लागि ( सामुदायिक विद्युतिकरणको लागि साझेदारी) | २५००० |
| २ | विभिन्न आयोजनो लागि प्रदेश सरकार संग साझेदारी | १५००० |
| ३ | वडा तहमा जाने बजेट | १९७८० |

| | | |
|---|---|---|
| ४ | वहुक्षेत्रिय पोषण आयोजना | २१०० |
| ५ | स्वास्थ्य शाखा औषधी तथा उपकरण खरिद | १५०० |
| ६ | कृषि विकास शाखा | १००० |
| ७ | पशु पंक्षी विकास शाखा | १५०० |
| ८ | महिला,वालवालिका तथा समाज कल्याण | २००० |
| ९ | पूर्ण सरसफाई कार्यक्रम संचालन तथा व्यवस्थापन | २५०० |
| १० | वन संरक्षण,सुदृढिकरण तथा दिगो विकास कार्यक्रम संचालन | २२०० |
| ११ | जनजाति लक्षित व्यावसायिक सिप विकास तालिम | ५०० |
| १२ | महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप दशैं खर्च वापत | २७५ |
| १३ | युवा स्वरोजगारका लागि व्यावसायिका सिप विकास तालिम | ५०० |
| १४ | गाउँपालिका पुस्तकालय स्थापना | ५०० |
| १५ | फर्निचर तथा फिक्चर्स | १००० |
| १६ | मेशिनरी औजार | ५०० |
| १७ | परामर्श सेवा | ७०१८ |
| १८ | गाउँपालिका पाश्र्व चित्र निर्माण | १५०० |
| १९ | सडक मर्मत | ३००० |
| २० | विपद व्यवस्थापन | १००० |
| २१ | कर्मचारी कल्याण कोष | २०० |
| २२ | ढिप्का बाहाँकोट गैरागाउँ सडक मर्मत वडा नं. ४ र ३ | १८८५ |
| २३ | प्रसुति गृह शौचालय निर्माण तथा घेरवार वडा नं. ६ | ९५० |
| २४ | सत्यदेवी आ.वि. फिल्ड निर्माण वडा नं. ५ आग्र | ९३५ |
| २५ | वडा कार्यालय मर्मत वडा नं. १ | ५४० |
| २६ | निशुल्क स्वास्थ्य शिवीर संचालन | ३०० |
| २७ | नागरिकता शिवीर संचालन | २०० |
| २८ | प्याडुली स्वास्थ्य इकाइ हुइता सडक निर्माण वडा नं.२ | ९४५ |
| | | |
| | **राजश्व अनुदान अन्तर्गतका खर्च शिर्षकहरु** | |

| | | |
|---|---|---|
| १ | कर्मचारी पारिश्रमिक | १५९०२ |
| २ | कर्मचारी पोशाक | ३९० |
| ३ | न्यायीक समिति व्यवस्थापन तथा मसलन्द | ४०० |
| ४ | न्यायीक समिति बैठक सँचालन | १०० |
| ५ | पदाधिकारी पारिश्रमिक | ५०५५ |
| ६ | स्वास्थ्यका करार कर्मचारी तलव | ५४०० |
| ७ | शिक्षण सिकाई अनुदान | १५६३५ |
| ८ | खेलकुद संचालन | ५०० |
| ९ | कृषि तथा पशु विकास शाखा कर्मचारी पारिश्रमिक तथा सुविधा | ५८०० |
| १० | कार्यालय संचालन तथा मसलन्द | २२०० |
| ११ | वडा कार्यालय का.सं. मसलन्द खर्च | ३०० |
| १२ | मर्मत संभार | ६०० |
| १३ | सवारी साधन मर्मत | ५०० |
| १४ | अनुगमन तथा मूल्याकंन | ५०० |
| १५ | भ्रमण खर्च | २३०० |
| १६ | सरुवा भ्रमण भर्च | २०० |
| १७ | वैठक भत्ता | ८१६ |
| १८ | वडा कार्यलय बैठक भत्ता | ८६४ |
| १९ | कार्यक्रम खर्च | १२०० |
| २० | विविध खर्च | १२६० |
| २१ | वडा कार्यालय विविध खर्च | २४० |
| २२ | पानी विजुली | १०० |
| २३ | संचार | ५०० |
| २४ | इन्धन कार्यालय प्रयोजन | ६०० |
| २५ | विमा तथा नवीकरण | १५० |
| २६ | घरभाडा | ११०० |
| २७ | सवारी साधन तथा मेसिनरीको भाडा | ७०० |
| २८ | सुशासन | ५०० |
| २९ | गाउँपालिका महासंघ नविकरण | २० |
| ३० | कामदारको विमा | २० |
| ३१ | अन्य सहायता | २२६ |

| | | |
|---|---|---|
| ३२ | विपन्न दलित युवाहरुलाई व्यावसायिक सिप विकास तालिम | ३०० |
| ३३ | पदाधिकारी पोशाक | ४७० |
| ३४ | आधुनिक आरन सुधार तथा क्षमता विकास तालिम | ६०० |
| ३५ | दलित, महिला तथा विपन्न युवा हरुलाई लोकसेवा तयारी कक्षा संचालन | ३०० |
| ३६ | सशर्त अनुदान खर्च | ९७५०० |
| ३७ | सामाजिक सुरक्षा खर्च | ३०००० |
| ३८ | सामुदायिक विद्युतिकरणका लागि बजेट खर्च साझेदारी | २२५००० |
| ३९ | विभिन्न आयोजनो लागि प्रदेश सरकार द्वारा हुने बजेट खर्च साझेदारी | १६००० |
| ४० | विकास साझेदार निकायको खर्च | १७४६.३३७ |
| ४१ | असिना पीडीतका लागि राहत अनुदान | १००२४ |
| ४२ | कुखुरा दाना उधोग वार्ड नम्बर २ | ५०० |
| ४३ | दशरथ मावि विधालय सुधार अनुदान | ८०० |
| ४४ | वर्थिङ्ग सेण्टर सँचालन अनुदान वार्ड नम्बर ६ | ३०० |
| ४५ | सार्वजनिक शौचालय ठाटीकाँध वजार टायल समेत | ७०० |
| ४६ | बर्थिङ सेन्टर संचालन अनुदान ४ नं. वडा | १०० |
| ४७ | मोटर साईकल खरिद | १२०० |

वडा स्तरिय वस्ती वडा बाट छनोट भएका देहायका योजनाहरुकोलागि निम्नानुसार वजेट विनियोजन गरेकोछु ।

**ठाटीकाँध गाउँपालिका वडा नं. १ बाट छनोट गरिएका योजनाहरु**

| क्रस | योजनाको नाम ठेगान | रकम |
|---|---|---|
| १ | भैरबस्थान कोसेडी सडक योजना २०लाख | २००००००।०० |
| २ | खातीगाउँ बाल कक्षा भवन निर्माणको फिल्ड निर्माण योजना १६हजार ७ सय ६५ | १६७६५।०० |
| ३ | ठुलाधारा पत्थरी घर पाईप योजना ३लाख ५०हजार | ३५०००००।०० |
| ४ | गम्भिरखाल सिचाई पोखरी योजना २लाख ५०हजार | २५०००००।०० |
| ५ | काडेखेत आमुवा खानेपानी योजना ३लाख | ३००००००।०० |
| ६ | अल्छिवाडी गताड खानेपानी योजना ३लाख | ३००००००।०० |

| | | |
|---|---|---|
| ७ | माचचौर डाडाबन पोखरी योजना २लाख | २००००० \| ०० |
| ८ | निलाकर मन्दिर फिल्ड योजना २लाख | २००००० \| ०० |
| | **जम्मा** | |

**ठाटीकाँध गाउँपालिका वडा नं. २ बाट छनोट गरिएका योजनाहरु**

| सि.नं. | योजनाको नाम | रकम | कुल जम्मा |
|---|---|---|---|
| १. | सिमिपातल सिचाई पोखरी निर्माण योजना ५लाख ५०हजार | ५५०००० \| ०० | |
| २. | जनता आबि पिपल चौतरा भवन निर्माण ५लाख | ५००००० \| ०० | |
| ३. | देउतिधारा जौचउर खानेपानी योजना निर्माण ५ लाख | ५००००० \| ०० | |
| ४. | आदर्श आबि हुईता घेरवार तथा पर्खाल निर्माण ५लाख | ५००००० \| ०० | |
| ५. | दशरथ मावि पुस्तकालय स्थापना २ लाख ५० हजार | २५०००० \| ०० | |
| ६. | हतरके घरखेत सिँचाई कुलो निर्माण १ लाख | १००००० \| ०० | |
| ७. | कालिका आबि शेरीपाटा पर्खाल तथा पिल्ड निर्माण ३ लाख | ३००००० \| ०० | |
| ८. | बाम्रि स्थान मन्दिर निर्माण योजना ३ लाख | ३००००० \| ०० | |
| ९. | कशेनी मुहान विजारे खानेपानी निर्माण योजना १लाख ५०६ | १ ००५०६ \| ०० | |
| **जम्मा** | | | |

**ठाटीकाँध गाउँपालिका वडा नं. ३ बाट छनोट गरिएका योजनाहरु**

| सि.नं. | योजनाको नाम | | रकम |
|---|---|---|---|
| १ | भुवाखाडा कालिमाटी सडक निर्माण योजना | (६लाख ५०हजार) | ६५०००० \| ०० |
| २ | गाईधारा मौला माइकाथान सडक निर्माण योजना | (६लाख) | ६००००० \| ०० |
| ३. | पतलखोला उखाते सल्लेरी तल्लाछाना पाईप सिचाई योजना | (६लाख) | ६००००० \| ०० |
| ४. | दुर्गादेवी आधारभुत बिधालय घेरवार | (२लाख) | २००००० \| ०० |
| ५. | चाउका मौभेरी खानेपानी योजना | (४लाख) | ४००००० \| ०० |
| ६. | ठुलाखाल पोखरी घेरवार | (२लाख) | २००००० \| ०० |
| ७. | सामुदायीक स्वास्थ्य ईकाइ बहाकोट घेरवार तथा फिल्ड निर्माण | (३लाख ६९हजार ३७९) | ३६९३७९ \| ०० |
| ८. | वडा कार्यालय .घेरवार | (१लाख ५०हजार) | १५०००० \| ०० |
| ९. | पाईप खरिद तथा वितरण -(गुर्वे ,छिपछिपे ,डुप्का ,कालाकाटिया र रातीमाटा) | (१लाख ५०हजार) | १५०००० \| ०० |
| १०. | बाडीमुहान डाँडागाउँ खानेपानी निर्माण | (१लाख) | १००००० \| ०० |
| ११ | खेलकुद आयोजनाको कार्यक्रममा | १ लाख | १००००० \| ०० |
| ११. | जन आबि डाँड्ग्रा छानामर्मत | ( १लाख ५०हजार) | १५०००० \| ०० |
| १२. | बहाकोट गोठीखोला डिप्का माझभिर गोरेटोबाटो निर्माण | (१लाख ३०हजार) | १३०००० \| ०० |
| **जम्मा** | जम्मा | | |

**ठाटीकाँध गाउँपालिका वडा नं. ४ बाट छनोट गरिएका योजनाहरु**

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १. | ज्यामीचौर सडक निर्माण | १०लाख |
| २. | देउती मावि भवन निर्माण योजना | ८लाख |
| ३. | सिर्जना आबि छाना मर्मत योजना | १लाख ३२हजार ३५० |
| ४. | कालिका आबि छाना मर्मत | १लाख |
| ५ | बर्थिङ्ग सेण्टर तथा खोप केन्द्र औजार खरिद तथा कार्यालय व्यवस्थापन | २लाख |
| ६ | उपल्ला पाथै पोखरी निर्माण योजना | १लाख ५०हजार |
| ७ | वडा कार्यालय शौचालय निर्माण | २लाख |
| ८. | बाघफाल खर्शु कोलडाँडा खानेपानी योजना | ५लाख |
| ९ | मासेदाल्का सिचाई पोखरी निर्माण योजना | २लाख ५०हजार |
| १० | आटी सिचाई पाइप खरिद योजना | ५०हजार |
| ११ | | |
| | जम्मा | ३३लाख ८२हजार ३५० |

- **ठाटीकाँध गाउँपालिका वडा नं. ५ बाट छनोट गरिएका योजनाहरु**

| क्र.सं. | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | मालिका मन्दिर निर्माण योजना १०लाख १९हजार ६१८ | १०१९६१८।०० |
| २ | बुढाखोला खानेपानी योजना टमटा टोल २लाख ५०हजार | २५००००।०० |
| ३ | बुकिछडी खानेपानी योजना कोलार टोल २ लाख | २०००००।०० |
| ४ | दमाई धारा निर्माण योजना ३ वटा १लाख ५०हाजर | १५००००।०० |
| ५ | थापलाटोल धारा निर्माण योजना २वटा १लाख | १०००००।०० |
| ६ | थापाधारा र सेरा धारा निर्माण योजना २ वटा १लाख ५०हजार | १५००००।०० |
| ७ | चगत्रा खानेपानी कुण्ड निर्माण योजना २लाख ५०हजार | २५००००।०० |
| ८ | बुढाधारा खानेपानी योजना १लाख | १०००००।०० |
| ९ | घण्टेखोला देखि चाखा खेत सम्म कुलो निर्माण ४लाख | ४०००००।०० |
| १० | टमटाटोल मन्दिर निर्माण योजना २लाख | २०००००।०० |
| ११ | चाकपाडा खानेपानी निर्माण योजना २लाख | २०००००।०० |
| १२ | लाटा मन्दिर निर्माण योजना २लाख | २०००००।०० |
| १३ | आग्र सत्यदेवी फिल्ड निर्माण योजना ४लाख | ४०००००।०० |
| १४ | देउती मन्दिर निर्माण योजना ३ लाख | ३०००००।०० |
| १५ | आग्र खानेपानी योजना नायक टोल २लाख ३५हजार | २३५०००।०० |
| | **जम्मा** | |

**ठाटीकाँध गाउँपालिका वडा नं. ६ बाट छनोट गरिएका योजनाहरु**

| क्र.स | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | जन आबि भवन निर्माण ५लाख | ५०००००।०० |
| २ | रानाकटिया बसौटा खानेपानी मर्मत २ लाख | २०००००।०० |

| | | |
|---|---|---|
| ३ | सेउरुपे खोला डाँडाघर सिचाइ कुलो निर्माण ३लाख | ३००००० ।०० |
| ४ | मस्टा मन्दिर फिल्ड निर्माण पाँचला १लाख | १००००० ।०० |
| ५ | मालिमा मावि पाँचला फर्निचर निर्माण ३लाख | ३००००० ।०० |
| ६ | नन्दादेवी आबि फर्निचर निर्माण २लाख | २००००० ।०० |
| ७ | तडिखेत सिचाई कुलो मर्मत ४लाख | ४००००० ।०० |
| ८ | ठाकुरखेत सिचाई कुलो निर्माण ५लाख | ५००००० ।०० |
| ९ | लालझारे खानेपानी मर्मत रोकाय टोल ३लाख | ३००००० ।०० |
| १० | दुवाडी खानेपानी निर्माण २लाख | २००००० ।०० |
| ११ | सूर्यदय आवि लामामेला भवन मर्मत तथा फर्निचर निर्माण १लाख६१हजार ३८२ | १६१३८२।०० |
| | **जम्मा** | |

सभाध्यक्षज्यू गाउँसभाका सदस्यज्यूहरु

यस गरिमामय पाँचौ गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७६।७७ को लागि समानीकरण अनुदान र सशर्त अनुदान प्रदान गर्ने नेपाल सरकार तथा कर्णाली प्रदेश सरकार तथ वजेट तयार गर्न सहयोग गर्नु हुने विषयगत समितिका पदाधिकारीज्यूहरु श्रोत अनुमान तथा सिमा निर्धारण समितिका सँयोजक तथा पदाधिकारीज्यूहरु कार्यपालिकाका सदस्यज्यूहरु प्रमुख प्रशासकीय अधिकृतज्यू सँपूर्ण विषयगत शाखाका कर्मचारीहरु वडा समितिका वडाअध्यक्ष तथा पदाधिकारीज्यूहरु सरकारी तथा गैर सरकारी निकाय वैदेशिक नियोग सँपूर्ण राजनैतीक दल बस्तिस्तरका उपभोक्ताहरु लक्षित वर्ग जेष्ठ नागरिक भिन्न क्षमता भएका नागरिकहरु नागरिक समाज शिक्षक विध्यार्थी भाई वहीनीहरु पत्रकार सुरक्षा निकाय वकिल सेवा निर्वृत्त सरकारी कर्मचारी कृषक दाजुभाई दिदी वहिनी लगायत आम गाउँपालिका वसीहरुमा हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

यस गाउँपालिकालाई समानीकरण सशर्त र राजश्व वाडफाँडबाट अनुदान उपलब्ध गराउने नेपाल सरकार प्रदेश सरकार प्रति म यस गाउँसभाको तर्फ र मेरो व्यक्तिगत तर्फबाट धन्यवाद व्यक्त गर्न चाहान्छु । प्रस्तुत वजेटको कार्यान्वयनबाट आम गाउँपालिका बसीको जीवनस्तरमा फेरवदल हुने अपेक्षा लिएकोछु । प्रस्तुत वजेटलाई पारदर्शीता भ्रष्टचार शुन्य सहनसीलता जनउत्तरदायी जबाफदेहिताको एउटा पाटो हो भन्ने सम्झेकोछु ।यो वजेट यस गरिमामय गाउँसभाले पासगरेपछि कार्यान्वयनको चरणमा सम्पूर्ण सरोकारवाला गाउपालिका बासी राजनैतीक दल उपभोक्ता कर्मचारी शिक्षक वुद्धिजिवी पत्रकार लक्षित वर्ग लगायत नेपाल सरकार तथा प्रदेश सरकार तथा सरकारी तथा गैर सरकारी सँघ सँस्था तथा वैदेशिक नियोग लगायत सँपूर्ण सरोकारवाला प्रति सहयोगको अपेक्षा गर्दछु । धन्यवाद् ।